# स्थानीय राजपत्र

---

## महाकुलुङ गाउँ कार्यपालिकद्वारा प्रकाशित

---

खण्ड ....... बुङ, सोलुखुम्बु, नेपाल, मंसिर ०९ गते २०८१ साल

अतिरिक्ताङ्क .........

भाग .....

महाकुलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

महाकुलुङ गाउँपालिका

2081/8/14

# महाकुलुङ गाउँपालिकाको स्थानीय सरकारी सेवा तहबृद्धि निर्देशिका, २०८१

कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०८१।०८।०९

**१. प्रस्तावनाः**

महाकुलुङ गाउँपालिका अन्तर्गत स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी महाकुलुङ गाउँपालिकाले यो निर्देशिका बनाई स्वीकृत गरेको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भः**(१) यो निर्देशिकाको नाम **"महाकुलुङ गाउँपालिकाको स्थानीय सरकारी सेवा तहबृद्धि निर्देशिका, २०८१"** रहेको छ ।

(२) यो निर्देशिका प्रमाणीकरण भएर राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**३.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र ऐन अनुसार प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्त भएका महाकुलुङ गाउँपालिकाको सरकारी सेवाभित्रका पदमा विभिन्न शाखा र निकायमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यपालिका कार्यालयलाई सम्झनुपर्छ ।

(च) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(छ) "निकाय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ज) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनुपर्छ ।

(झ) "लोकसेवा आयोग" भन्नाले संघीय लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोग सम्झनुपर्छ।

(ञ) "परामर्श" भन्नाले ऐनको धारा १०३ को उपधारा (३) मा व्यवस्था भए वमोजिमको परामर्श सम्झनुपर्छ ।

(झ) "तहवृद्धि" भन्नाले ऐनको दफा २७ को व्यवस्था वमोजिम गरिने तहवृद्धि सम्झनुपर्छ ।

(ञ) "प्रदेश किताबखाना" भन्नाले भन्नाले ऐनले गरेको व्यवस्था वमोजिम स्थापित कार्यालय सम्झनुपर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १०९ बमोजिमका अधिकृतलाई सम्झनुपर्छ।

**४.सूचना प्रकाशन सम्बन्धी ब्यवस्थाः** (१) स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (३) बमोजिम तहबृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ १५ र मंसिर १५ भित्र तहबृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३०(तीस) दिनको म्याद दिई अनुसूची-१ अनुसारको दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ।

तर यो निर्देशिका पारित भएपछि प्रथम पटकका लागि पुस १५ भित्र दरखास्त पेश गर्ने गरी मंसिर महिनाको मसान्तभित्र सूचना प्रकाशन गर्न सकिनेछ ।

**५. निवेदन दिनुपर्नेः** दफा ४ वमोजिमको सूचना प्रकाशन भएपछि तहबृद्धिका लागि दफा ४ को उपदफा (१) बमोजिम सुचनामा तोकिएको मिति भित्र दरखास्त दिने उम्मेदवारहरुले दरखास्तका साथमा पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्यांकन तथा साथमा देहायका कागजात पेश गर्नुपर्नेछ;

क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख) सेवा अवधी पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

ग) स्थानीय तहमा समायोजन भएको भए समायोजन पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

घ) तह वृद्धिका लागि आवश्यक हुने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

ङ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधी पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

च) अद्यावधिक वैयत्तिक विवरण (सिटरोल) को प्रतिलिपी

छ) पेशा सम्बन्धी व्यवसायिक परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

ज) ऐनको दफा २७ को को उपदफा (४) वमोजिमको तहवृद्धि समितिले मागेका अन्य कागजातहरु

**६. सिफारिस समिति गठन सम्बन्धी ब्यवस्थाः** (१) स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिमको देहाय अनुसारको तहबृद्धि सिफारिस समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) गाउँपालिकाका वरिष्ठ कर्मचारी मध्ये एक जना महिला सहित गाउँ कार्यपालिकाले तोकेको २ जना कर्मचारी – सदस्य

(२) उपदफा १ बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी गाउँपालिकाको प्रशासन शाखाले काम गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धी निर्देशिका समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**७. आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधी सम्बन्धी व्यवस्थाः**

(१) दफा ४ को उपदफा १ बमोजिम तहबृद्धिका लागि स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिमको न्युनतम शैक्षिक योग्यता पुरा भएको हुनु पर्नेछ ।

**८. तहबृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । यस गाउँपालिका अन्तर्गत दरबन्दी भएका तर अन्यत्रै कामकाजमा खटिएका कर्मचारीको हकमा दरवन्दी वा पदाधिकार रहेकै कार्यालयमा तहवृद्धि गरिनेछ ।

(२) नियुक्ति पत्र दिदाँ अनुसूची २ को ढाँचामा दिनु पर्नेछ ।

**९. ज्येष्ठता सम्बन्धि ब्यवस्थाः**

(१) तहबृद्धि हुने कर्मचारीको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को व्यवस्था वमोजिम हुनेछ ।

**१०. बाधा अडकाउ फुकाउने सम्बन्धि ब्यवस्थाः**

(१) निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिम हुनेछ ।

**११. तहबृद्धि गर्न नहुने सम्बन्धी व्यवस्थाः**

(१) देहायको अवस्था रहेमा तह बृद्धिका लागि उम्मेदवार हुन पाउने छैन ।

(क) निलम्बन भएकोमा निलम्वन भएको अवधिभर ,

(ख) तह बृद्धि वा वढुवा रोक्का भएकोमा सो अवधिभर ,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो अवधिभर ,

(घ) सेवा समुह परिवर्तन गरेको भए सो भएको ३ वर्ष पुरा नभएको ,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर ,

(च) स्थानीय सेवा स्वास्थ्य सेवाको कर्मचारीको हकमा कानुन बमोजिम व्यवसायिक परिषदमा दर्ता नभएको वा नविकरण नगरेको वा निलम्बनमा रहेको भए सो अवधिभर,

१२. **तह वृद्धि गर्नुपर्ने:** कानुन बमोजिम तहवृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (४) वमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र तहवृद्धिका लागि सिफारिस गरिसक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ (३) बमोजिम कार्यापालिकाले निर्णय गरी नियमानुसार तहवृद्धिको पत्र दिनु पर्नेछ ।

१३. **सार्वजनिक गर्ने:** तहवृद्धि भएका कर्मचारीहरुको विवरण कार्यालयले आफ्नो सूचना पाटी र वेभसाइटमा राखी प्रकाशन गर्नुपर्नेछ ।

१४. **सचिवालय:** तहवृद्धि सम्बन्धी कार्य गर्नको लागि कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ ।

१५. **जानकारी दिनु पर्ने सम्बन्धी व्यवस्था:**

(१) ऐन बमोजिम तहबृद्धि भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालयले सो को जानकारी प्रदेश किताबखाना, मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

१६. **उजुरी/गुनासो सम्बन्धी व्यवस्था:** (१) यो निर्देशिका बमोजिम तह बृद्धिको निर्णय उपर चित्त नबुझे तहबृद्धिको निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा निवेदन दिन सकिनेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुने ब्यवस्था**-(१) यस निर्देशिकामा उल्लेख भएको व्यवस्थाको हकमा निर्देशिका बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **खारेजी र वचाउ:** (१) गाउँपालिकाले यस अघि गरेको तहवृद्धि सम्बन्धीको सम्पूर्ण काम कारवाही यो निर्देशिका वमोजिम भएको मानिनेछ ।

(२) यस निर्देशिकाको संशोधन वा कुनै दफा खारेज गर्ने सम्पूर्ण अधिकार कार्यपालिकालाई हुनेछ।

(३) गाउँपालिका स्थानीय सेवा तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

२०८१।८।१४

अनुसूची- १

निर्देशिकाको दफा ५ सँग सम्बन्धित

*(तहवृद्धिको लागि दिइने निवेदनको ढाँचा)*

मितिः ...............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ, सोलुखुम्बु ।

विषयः- **तहबृद्धि सम्बन्धमा ।**

प्रस्तुत विषयमा महाकुलुङ गाउँपालिकाले प्रकाशन गरेको मिति ......... को सूचना अनुसार **कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०** को दफा २७ को उपदफा (१) बमोजिमको तहवृद्धिको लागि देहायका प्रमाण पत्रहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

क) पछिल्लो तीन बर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम क्रमशः

ख) सेवा अवधी पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

ग) समायोजन पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

घ) तह वृद्धिका लागि आवश्यक हुने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

ङ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधी पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

च) अद्यावधिक वैयत्तिक विवरण (सिटरोल) को प्रतिलिपी

छ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

जं) ऐनको दफा २७ को को उपदफा (४) बमोजिमको तहवृद्धि समितिले मागेका अन्य कागजातहरु

निवेदक
कर्मचारीको नाम/थरः- .........................................
संकेत नं.:- .............................................
हालको पदमा नियुक्ति/बढुवा मितिः- ...........................
हालको पद र तहः- ..........................................
सेवा/समुहः- ...................................................

Surf 2021 2/98

**अनुसूची -२**

निर्देशिकाको दफा १२ सँग सम्बन्धित

*(नियुक्तिपत्रको ढाँचा)*

(कार्यालयको लेटर हेड)

मिति-

विषय- तहबृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ बमोजिम तपाईलाई यस कार्यालयको मिति .............. को निर्णय अनुसार मिति ...................... देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि गरिएको छ ।

तहबृद्धि हुनु भएकोमा बधाई छ ।

| हालको विवरण | तहबृद्धि भएको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः |

श्री .......................

संकेत नं.

.................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश कितावखाना, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर।

श्री नागरिक लगानी कोष, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।

आज्ञाले,

खरिधन राई

नि. प्रमुख प्रशासकीय अधिकृत